# नेपाली राजदूतावास

सिओल, कोरिया

## २०६९/७० को वार्षिक कार्य प्रगति विवरण

विगत वर्षहरुमा झैं यस आर्थिक वर्षमा पनि राजदूतावास स्थापनाको उदेश्य प्राप्तिको लागि नियोगलाई उपलब्ध सिमित भौतिक तथा मानवीय श्रोत र साधनलाई सरकारबाट प्राप्त अख्तियारीको दायरा भित्र रही मितव्ययी र औतित्यपूर्ण रुपमा अधिकतम उपयोग गर्दै नेपाल-कोरिया बीच रहिआएको द्विपक्षीय सुमधुर सम्वन्धलाई आपसी सहयोगको विविध पक्षहरुलाई अझै विस्तार गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, वैज्ञानिक तथा तकनिकी लगायतका क्षेत्रहरुमा सम्वन्ध विस्तार गर्न अथक प्रयास गरिआएको छ । दुई मुलुकका सरकारहरु बीच सहकार्य र सम्वन्ध विस्तारको लागि कृयाशील नेपाली राजदूतावास जनस्तरसम्मको सम्वन्ध विस्तारमा समेत गतिसील रहिआएको छ । नेपाली राजदूतावासको अधिकांस समय र श्रोत कोरियामा रहेका विभिन्न पेशा व्यवशाय वा रोजगारी गरी बसेका नेपालीहरु लगायत गैरआवासीय नेपालीहरु समेतको हीत तथा अधिकार संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनको लागि खर्च हुने गरेको छ । नेपाली राजदुतावास कोरियामा उपलब्ध विभिन्न माध्यमहरुलाई अधिकतम उपयोग गर्दै आर्थिक कुटनीति लगायत सांस्कृतिक सम्वन्ध सुदृढ गर्दै नेपाललाई प्रवर्द्धन गर्ने कार्यमा कृयासील रहिआएको छ ।

नेपालीहरुलाई राजदूतावासमा सम्पर्क राख्न र आफ्नो गुनासाहरु पोख्न सहज होस भन्ने अभिप्रायले हालै राजदूतावासको वेवसाईटलाई पुनः निर्माण गरी प्रयोगकर्तालाई वेवसाईट मार्फत नै आफ्नो गुनासाहरु अनलाईन रजिष्टर गर्ने व्यवस्था मिलाईएको छ । ई.पि.एस.संग सम्वन्धित जानकारीहरु पनि यस वेवसाईटमा रहने भएकोले वैदेशिक रोजगारीमा आएका नेपाली युवाहरु यसबाट लाभान्वित हुने छन् । यस व्यवस्थाबाट वेवसाईट प्रयोगकर्तासंग राजदूतावासको निकटता समेत बढ्न जानेछ । साथै श्रमसंग सम्वन्धित समश्याहरु समाधानमा सहजता बढ्ने छ भन्ने राजदूतावासले विश्वास लिएको छ ।

सन् २००७ मा सिओलमा नेपाली राजदूतावास स्थापना भएदेखि सन् २०१२ सम्म आर्थिक श्रोतको अभाव एवम् अन्य कारणले राष्ट्रिय दिवस मनाउन नसकिरहेको अवस्थालाई अन्त गर्दै यस वर्ष नेपाली राजदूतावासको चान्सरीमा भव्य रुपले गणतन्त्र दिवसको स्वागत कार्यक्रम सम्पन्न गरियो ।

नेपाललाई परिचय गराउने लगायत अन्य समसामयिक विषयहरुमा विभिन्न विश्वविद्यालयहरुमा गेष्ट लेक्चररको रुपमा लक्चर दिने कार्यहरु भएका छन् । Institute for East Asia Peace Studies ले आयोजना गरेको Ambassador's Lecure Series अर्न्तगत महामहिम राजदूत कमानसिंह लामाज्यूले "Nepal-Korea Friendship: An Emerging Comprehensive Partnership" नामक विषयमा कार्यपत्र पेश गर्नु भएका थियो । साथै कोरियाको ईन्छनमा जुन १० देखि ११, २०१३ सम्म कोरिया सरकारले आयोजना गरेको Global Green Growth Summit 2013 मा महामिहम राजदूत श्री कमानसिंह लामाज्यूले भाग लिनु भएको थियो ।

आर्थिक वर्ष २०६९/७० मा यस राजदूतावासबाट सम्पादन गरिएका मुख्य मुख्य कामहरुको वार्षिक प्रगति विवरण निम्न वमोजिम रहेको छ ।

१. उद्योग मन्त्रालय, औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुखको नेतृत्वमा विभिन्न निकायमा प्रतिनिधिहरु संलग्न भ्रमण टोलीले विदेशी लगानी र वौद्धिक सम्पतीसंग सम्वन्धित कानून र संस्थाहरुको अवलोकन भ्रमण गर्ने सम्वन्धमा आवश्यक तयारी तथा समन्वय गर्ने कार्यहरु गरेको,

२. सर्वोच्च अदातलका रजिष्ट्रार एवम् प्रवक्ता श्री श्रीकान्त पौडेलज्यूबाट कोरियाको सर्वोच्च अदालतमा अवलम्वन गरिएको सूचना प्रविधिको अवलोकन अध्ययन भ्रमण सम्वन्धमा आवश्यक समन्वय गरेको,

३. पूर्वमतदान, अनुपस्थित मतदान र देश वाहिर रहेका नेपालीहरुको मतदाता नामावलीमा नाम दर्ता गर्ने तथा मतदानको सम्भाब्यता सम्वन्धमा अध्ययनको लागि निर्वाचन आयोगका सहसचिव श्री शारदा प्रसाद त्रितालज्यूको नेतृत्वमा १८ देखि २४ अगस्त, २०१२ सम्म कोरिया भ्रमणमा आएको प्रतिनिधिमण्डलको लागि आवश्यक सम्पूर्ण तयारी, समन्वय तथा कार्यक्रम संचालनमा सहजिकरण समेत गरेको,

४. दक्षिण कोरियाका Land Transport and Marine Affairs मन्त्री माननीय Mr. Kwon, Do Youp को औपचारिक निमन्त्रणमा भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्री माननीय श्री हृदयश त्रिपाठीज्यूको नेतृत्वमा एक ६ सदस्यीय प्रतिनिधिमण्डलले २० देखि २४ अगस्त, २०१२ सम्म गरेको कोरियाको भ्रमणको तयारी लगायत आवश्यक समन्वय गरेको,

५. कोरिया सरकारको स्वास्थ्य तथा कल्याण मन्त्रालयको निमन्त्रणामा मन्त्रालयद्वारा सेप्टेम्बर १५ मा आयोजित Government Forum on Traditional Medicine मा सहभागिता जनाउन नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय श्री राजेन्द्र महतोबाट भएको कोरिया भ्रमणको लागि आवश्यक तयारी तथा समन्वय गरेको,

६. २९ अक्टोबर देखि २ नोभेम्बर २०१२ सम्म दक्षिण कोरियाको ईन्छन सहरमा आयोजित High Level Intergovernmental Meeting of the Final Review of the Implementation of Asian and Pacific Decade of Disabled Citizens सम्वन्धी उच्चस्तरीय बैठकमा भागलिनको लागि एक ४ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नेपाल सरकारको महिला, वालवालिका तथा समाजकल्याण मन्त्री माननीय श्री बद्रीप्रसाद न्यौपानेज्यूले गर्नु भएको कोरिया भ्रमणको आवश्यक तयारी तथा समन्वय गरेको,

७. कोरियाको ग्यांगसांबुकदोमा १७ देखि १९ अक्टोबर, २०१२ मा आयोजित World Green Energy Forum २०१२ मा भाग लिन आउनु भएका नेपाल सरकारको वातावरण, विज्ञान तथा प्रविधि मन्त्री माननीय श्री डा. केशवमान शाक्यको भ्रमणको सम्वन्धमा आवश्यक समन्वय गरेको,

८. A Study on Satellite Accounting System of Korean Tourism Organization and its development को लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री लोकबहादुर खत्रीज्यूको नेतृत्वमा आएको एक ४ सदस्यीय प्रतिनिधिमण्डलको कोरिया भ्रमणको लागि आवश्यक तयारी, सहयोग तथा समन्वय सम्वन्धी कार्यहरु गरेको,

**आर्थिक कुटनीतिः**

९. २०१२ को जुलाईमा नेपाली राजदूतावास र देगु उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा “नेपालमा लगानीका सम्भावनाहरु” नामक एकदिवसीय सेमिनारको आयोजना गरिएको,

१०. Yeosu Expo-२०१२ मा यस राजदूतावासको सकृय सहभागिता रहेको थियो । अगस्त ६, २०१२ मा Yeosu Expo २०१२ मा **"नेपाल दिवस"**को आयोजना गरी नेपालको संस्कृति, पर्यटन तथा उद्योग व्यापारको प्रवर्द्धन गरेको,

११. सेप्टेम्बर ७ देखि १०, २०१२ सम्म बुसानमा आयोजित Busan International Travel Fair मा राजदूतावासले सहभागिता जनाएको र उक्त फेयरमा Best Tourism Marketing Award बाट राजदूतावास सम्मानित भएको,

१२. नोभेम्बर ७ देखि ११, २०१२ सम्म जिन्जु सहरमा आयोजित पांच दिवसीय International Agricultural Exposition मा सहभागिता जनाएको । उक्त कृषि मेलाको प्रमुख अतिथि कोरियाका लागि नेपालको राजदूत महामहिम कमानसिंह लामाको उपस्थिति रहेको थियो,

१३. नोभेम्बर ४ देखि ६, २०१२ सम्म सिओलमा Empowering Nepal २०१२ नामक एक तीन दिवसीय **"नेपालमा व्यापार तथा लगानीका सम्भावनाहरु"** नामक सेमिनारको आयोजना गरिएको । उक्त सेमिनारमा नेपालमा लगानीको लागि ईच्छा राख्ने ५ वटा कोरियन कम्पनीहरुले नेपालका साझेदार कम्पनीहरुसंग समझदारी पत्रमा हस्ताक्षर गरेका । सेमिनारमा नेपालबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री सुरज वैद्यको नेतृत्वमा एक प्रतिनिधिमण्डलले भाग लिएको,

१४. नोभेम्बर २३ देखि २५, २०१२ सम्म इन्छनमा आयोजित Incheon Tour and Leisure Sports Fair 2012 मा सहभागिता जनाई नेपालको पर्यटन प्रवर्द्धन गर्ने कार्य गरेको,

१५. अप्रिल ११ देखि १४, २०१३ मा Gyeongju World Culture Expo पार्कमा भएको "11th Tour Expo Daegu Gyeongbuk" मा सहभागिता जनाई नेपाली पर्यटनको प्रवर्द्धन गर्ने कार्य गरेको,

१६. सओल महानगरपालिकाको आयोजनामा सओल सिटिको सओल प्लाजा, मेयोङदोङ र छङ्गेछङ क्षेत्रमा मे ४ र ५, २०१३ सम्म सम्पन्न भएको Seoul Friendship Fair 2013 मा नेपाली खानाको स्टल, पर्यटन प्रचार स्टल र सांस्कृतिक स्टल समेत राखी नेपालको पर्यटन तथा सांस्कृतिक प्रवर्द्धन गरेको,

**सांस्कृतिक**

१७. नेपाली राजदूतावास र सओलस्थित दोसुन्सा मन्दिरको संयुक्त प्रयासमा लुम्बिनीमा रहेको विश्वशान्तिदीप प्रज्ज्वलन गरी नेपालका राष्ट्रपति सम्माननीय रामबरण यादवज्यूले कोरियन धर्मगुरु सन्मुख हेजालाई हस्तान्तरण गरी ल्याईएको शान्तिदीप दोसुन्सा मन्दिरमा स्थायी रुपमा स्थापना गरिएको । साथै उक्त शान्तिदीप Lantern Festival को अवसरमा सओल सहर परिकमा गरिएको । शान्तिदीप लिन एवम् धार्मिक समारोहमा सहभागिताको लागि महामहिम नेपाली राजदूत कमानसिंह लामाको सहभागिता रहेको,

१८. बुद्ध पूर्णिमाको पावन अवसरमा पारम्परिक सांस्कृतिक धरोहरकोरुपमा मनाईने राष्ट्रिय पर्व Lotus Lantern Festival को अवसरमा नेपालबाट ल्याईएको विश्वशान्तिदीप प्रदर्शन समेत गरिने कार्यकमलाई अझै महत्व दिन राजदूतावासको नेतृत्वमा नेपाल तथा कोरियामा रहेका नेपाली समुदाय एवम् संघसंस्थाहरुको भौतिक तथा आर्थिक सहयोग समेत लिई बुद्धको जीवनीमा आधारित ७ वटा रथ तयार गरी सहर परिकमा गराईएको,

**जनस्तर:**

सहृदयी, समाजसेवी र नेपाललाई माया गर्ने कोरियन नागरिकहरु र गैरसरकारी संस्थाहरुसंग यस राजदूतावासले सहकार्य गर्दै आएको छ । यस्ता संस्थाहरुले जनस्तरबाट संचालन गर्ने साना-मझौला सहयोगका कामहरुमा राजदूतावासले सक्दो समन्वय एवम् सहयोग गर्दै आएको छ । २०६९/७० मा जनस्तरबाट निम्न वमोजिमका कार्यहरु भएका छन् ।

१९. Jeodong Middle School ले काठमाण्डौको Future Star English School लाई Non-prescription household medicines वितरण गरेको,

२०. Seoul National University को संयोजनमा मकवानपुर जिल्लाको ठिंगन गा.वि.स. को ठिंगन गाउंमा जलविद्युत, वायु र सौर्यउर्जाको संयोजन (Hybrid) गरी ३० किलोवाट क्षमताको विद्युतिकरण गरिएको । यस कार्यमा उक्त विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी श्री विनायक भण्डारीको प्रशंसनीय सहयोग रहेको ।

२१. देगु सहर निवासी Mr. Jun Taehung ले मासेल गा.वि.स. ५ गोरखाको बिन्द्रावती उच्चमाध्यामिक विद्यालयको छात्रछात्राहरुलाई १००० थान स्कूल ब्याग निःशुल्क वितरण गरेको,

२२. कोरियाको Jindsung International Outreach Surgical Team नामक गैरसरकारी संस्थाले सांखुस्थित सुष्मा कोईराला मेमोरियल अस्पतालमा जन्मदै वा जन्मपश्चात खोटेओठ वा अंगभंग भएकाहरुको लागि निःशुल्क Reconstructive Surgery उपचार प्रदान गरेको,

२३. कोरियाको Vision Care नामक संस्थाले ठिमीस्थित नेपाल-कोरिया मैत्री अस्पतालमा निःशुल्क आंखा शिवीर सञ्चालन गरेको,

२४. Korea Green Foundation नामक गैरसरकारी संस्थाले सिंधुपाल्चोक जिल्लाको गुम्बा गाउं विकास समितिको २ वटा वडाहरुको करिव ३०० घरधुरीलाई सौर्यउर्जा बत्ती निःशुल्क वितरण गरेको । यस कार्यमा राजदूतावासको प्रत्यक्ष संलग्नता रहेको,

२५. कोरियन नागरिक Mountaineer श्री पार्क जंग हियौनले जिंजु सहरमा नेपालको पर्वतीय कला र अन्य सामग्रीले सजिएको आर्ट ग्यालरी स्थापना पश्चात पोखराको धम्फुस क्षेत्रका विद्यालयहरुमा अंग्रेजी भाषाका २००० थान पुस्तकहरु र १०,००० थान सिसाकलम निःशुल्क वितरण गरेको,

२६. नेपालको हिमाल आरोहणका क्रममा जीवन गुमाउन पुगेका कोरियाली हिमाल आरोहीहरुको सम्झनामा उनीहरुलाई आदर स्वरुप कोरिया अल्पाईन फेडरैशनले ककनीमा पार्ककौ निर्माण गरेको,

**श्रम तथा रोजगारः**

२६. आफूलाई समस्या परी सो को समाधानको लागि राजदूतावासमा रिपोर्ट गरिएका श्रम तथा रोजगारसंग सम्वन्धित ५५० वटा केशहरुको सुनुवाई तथा तिनीहरुमाथीका समस्याहरु समाधान गरिएका छन्,

२७. वैदेशिक रोजगार प्रवर्द्धन लगायत नेपाली कामदारहरुको समस्या लगायत अन्य गुनासाहरुलाई सम्वोधन गर्ने अभिप्रायले कोरिया सरकारको मानवीय संशाधन विभाग र श्रम तथा रोजगार मन्त्रालयका उच्चअधिकारीहरुसंग ५ पटक भेटी छलफल गरिएको छ,

२८. नेपाली कामदारहरुले राजदूतावासका अधिकारीहरुसंग सम्पर्क गरी राखेका रोजगार भन्दा फरक प्रकृतिका १०० वटा संख्याका गुनासाहरुलाई सम्वोधन गरिएका छन्,

२९. नेपाली कामदारहरु रहेका र समस्यामा परी समाधानको लागि निवेदन गरेका नेपालीहरु काम गर्ने निर्माण तथा कृषि कम्पनीहरुको राजदूतावासको पदाधिकारीहरुबाट भ्रमण तथा अवलोकन गर्ने गरिएकोमा यस वर्ष १५ वटा कम्पनीहरुको स्थलगत भ्रमण गरिएको छ,

**कन्सुलर**:

यस आर्थिक वर्षमा राजदूतावासबाट सम्पन्न भएका कन्सुलर सम्वन्धी कार्यहरु निम्न वमोजिम छन् ।

३०. प्रवेशाज्ञा (भिषा) जारी:

| | |
|---|---|
| १५ दिनको | ६,७१४ |
| ३० दिनको | ५१८ |
| ९० दिनको | २५७ |
| निःशुल्क(अफिसियल र १० वर्ष मुनिका नावालक) | १४२ |
| जम्मा प्रवेशाज्ञा वितरण | ७,६३१ (गत वर्षको तुलनामा १६.५ प्रतिशतले बृद्धि) |

| | |
|---|---|
| ३१. Machine Readable Passport वितरण | ७७३ |
| ३२. अस्थायी राहदानी वितरण | ६७ |
| ३३. एकतर्फी यात्रा अनुमति पत्र वितरण | ५८ |
| ३४. कागजात प्रमाणिकरण | २५२ |

३५. यस आर्थिक वर्षमा भिषा, राहदानी जारी एवम् कागजात प्रमाणिकरणबाट समेत गरी जम्मा कोरियन वन ४५८,७१९,७०७ राजश्व आम्दानी भएको छ । गत वर्षको तुलनामा राजश्व प्राप्ति ६९ प्रतिशतले बृद्धि भएको,

३६. किम्हेमा घुम्ति शिवीर सञ्चालन गरी नेपाली नागरिकहरुलाई राहदानी नविकरण गर्ने कार्यमा सहजिकरण गरेको । उक्त शिवीरबाट १४७ जना नेपाली नागरिकहरुले राहदानी नविकरणको लागि निवेदन दिएका,

३७. रोजागरीको सिलसिलामा वा आत्महत्या, दर्घटना वा प्राकृतिक कारणले मृत्युबरण गरेका ११ जना नेपाली नागरिकहरुको शव नेपाल पठाएको,

३८. विरामी भई अस्पताल भर्ना भएका, दुर्घटना परेका र मृत्युबरण गरेका नेपालीहरुको अवस्थाको जानकारी लिन राजदूतावासको पदाधिकारीहरुबाट अस्पताल एवम् पुलिस थानाको भ्रमण एवम दुर्घटनास्थल निरीक्षण गर्ने गरेको,

३९. नेपाली नागरिक संलग्न भएको दईवटा व्यापारिक विवाद समाधानमा आवश्यक समन्वय गरेको,

४०. कोरियामा व्यापार गरी वसेका एक नेपालीलाई झुटो अध्यागमन केशमा फसाई निजको व्यापारिक भिसा नविकरण गर्न नदिन गरिएको प्रयासलाई सम्वन्धित निकायसंग समन्वय गरी समस्या समाधान गर्न मद्धत गरेको,

**गैरआवासीय नेपाली**:

४१. गैरआवासीय नेपालीहरुसंग सम्वन्धित कार्य हेर्नको लागि Focal Point को रुपमा राजदूतावासको उपनियोग प्रमुखलाई तोकिएको,

४२. गैरआवासीय नेपालीहरुले नेपालमा गर्ने लगानीको लागि गरिको प्रयासमा सहकार्य गरेको,

४३. चार जना नेपालीहरुलाई गैरआवासीय परिचयपत्र वितरण गरेको,

नेपाली राजदूतावास
सिओल, कोरिया
श्रावण ७, २०७०